मुक्तिनाथ विकास बैंक लिमिटेड
MUKTINATH BIKAS BANK LIMITED
"नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ख" वर्गको संस्था"(राष्ट्रिय स्तरको विकास बैंक)
कम्पनी दर्ता नं. : ९५६/०६२/०६३
इजाजत पत्र नं. : ने.रा.बैं./इ.प्रा./ख/३६
पान नं: ३०२३४९२९६

# प्रेस विज्ञप्ति

## मुक्तिनाथ विकास बैंकको नेपाल राष्ट्र बैंक र के.एफ.डब्लु डेभलपमेन्ट बैंकबीच सम्झौता

मिति २०७७/०७/२६

मुक्तिनाथ विकास बैंक लि.ले नेपाल राष्ट्र बैंक र के.एफ. डब्लु (KFW) डेभलपमेन्ट बैंक सँग त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गरेको छ। जर्मन सरकार समर्थित परियोजना " ग्रामीण तथा अर्ध-सहरी क्षेत्रमा दिर्घकालीन आर्थिक विकास- एम.एस.एम.इ वित्त चरण २ (Sustainable Economic Development in Rural and Semi-Urban Areas - MSME Finance Phase II (SEDRA II), नेपाल सरकार, अर्थ मन्त्रालय र जर्मन वित्तिय विकास निगम द्वारा सञ्चालनमा रहेको छ। उक्त सम्झौता पत्रमा मुक्तिनाथ विकास बैंकका प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेल र नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग प्रमुख डा. श्री प्रकाश कुमार श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ।

लघु, साना तथा मझौला उद्यमको विकासले देशको आर्थिक विकास तथा रोजगारी सृजनामा अहम भुमिका रहने विषयलाई दृष्टिगत गरी सो कार्यलाई सार्थकता प्रदान गर्न मुक्तिनाथ विकास बैंकले मुख्यत: सुदुर पश्चिम प्रदेश, कर्णाली प्रदेश र लुम्बिनी प्रदेश अन्तर्गत ग्रामीण तथा अर्ध-सहरी क्षेत्रमा रहेका लघु, साना तथा मझौला उद्योगलाई कर्जा प्रदान गर्ने जनाएको छ।

परियोजनाले विशेष गरी कोभिड-१९ को कारणले अति प्रभावित क्षेत्रमा वित्त तथा तरलता सुविधा (कर्जा सुविधा रु. २ लाख देखी रु. ४० लाख सम्म) प्रदान गर्नेछ। उद्यमशीलताको विकास तथा संकटको समयमा वित्तिय पहुँच प्रदान गरी लघु, साना तथा मझौला उद्योगको माध्यमबाट दिगो तथा समतामुलक आर्थिक विकास गर्ने लक्ष्य यस परियोजनाले लिएको छ।

विकास बैंकहरु मध्ये अग्र पंक्तीमा रहेको मुक्तिनाथ विकास बैंकले ४२ जिल्लामा १३८ शाखा कार्यालय मार्फत सेवा प्रदान गर्दै आएको छ। साथै बैंकको ग्राहकले VISA Network अन्तर्गत जुन सुकै बैंकको ATM बाट विना कुनै शुल्क रकम झिक्न सकिने व्यवस्था गरिएको समेत बैंकले जनाएको छ।

प्रमुख सुचना अधिकारी

श्री तिल बहादुर गुरुङ्ग

फोन: ०१-४१६८६८५, ४१६८६८६
फ्याक्स: ०१-४१६८६८४
केन्द्रीय कार्यालय:
का.म.न.पा.-२८, काठमाण्डौ प्लाजा, कमलादी, काठमाण्डौ
ईमेल: info@muktinathbank.com.np
वेबसाइट: www.muktinathbank.com.np